# माछापुच्छ्रे बैंक लि. का सम्पूर्ण ग्राहक महानुभावहरूलाई खाता अद्यावधिक बारे अत्यन्त जरूरी सूचना

सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धिकरण (Money Laundering) निवारण नियमावली २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशन २०७४ बमोजिम यस माछापुच्छ्रे बैंक लिमिटेडका सम्पूर्ण खातावाला ग्राहकहरू साथै खाता संचालक र वास्तविक धनी समेतको ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक गर्नुपर्ने भएको हुँदा यस बैंकको खातावाला ग्राहक महानुभावहरू तथा खाता संचालकहरू समेतले आफूले खाता संचालन गरिरहेको सम्बन्धित शाखा वा आफूलाई पायक पर्ने यस बैंकको कुनै पनि शाखा कार्यालयमा सम्पर्क राखि यस बैंकद्धारा तोकिएको फारम भरी (निम्न बमोजिम) २०७५ असार २५ गते भित्र अद्यावधिक गर्न हुन हार्दिक अनुरोध गर्दछौ ।

- यस अधि बुझाउन बाकिँ रहेका कागजात विवरण, परिवर्तित थप विवरण तथा नविकरण अद्यावधिक भएका कागजातहरू
- खातावाला ग्राहक प्राकृतिक व्यक्ति भएमा खातावाला र खाता संचालक व्यक्ति अन्य रहेकोमा निजको र कानुनी व्यक्ति वा प्रवन्धको हकमा खाता संचालकको ल्याप्चे सहिछाप
- संस्थागत खातावालाहरू को हकमा प्रत्यक्ष/अप्रत्यक्ष स्वामित्व हुने निम्न प्राकृतिक व्यक्तिहरूको
  १) दश प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीको व्यक्तिगत विवरण
  २) कम्पनीको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व धारण गर्ने कानूनी व्यक्ति (कम्पनी, संस्था) को हकमा सो कानूनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीको व्यक्तिगत विवरण

नेपाल राष्ट्र बैंकबाट जारी इ.प्रा.निर्देशन नं. १६/०७४ बमोजिम बैंक तथा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा एउटै प्रकृतिको एक भन्दा बढी खाता खोल्न नपाइने तथा एक जना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न नपाइने भएकाले यस बैंकमा एउटै प्रकृतिको एक भन्दा बढी खाता तथा कार्ड (डेबिट/क्रेडिट) रहेका ग्राहकहरूले हाल खाता रहेको शाखा कार्यालयमा सम्पर्क राखि एउटा मात्र खाता/कार्ड कायम राखि अन्य खाता/कार्ड बन्द गर्नुहुन ग्राहक महानुभावमा अनुरोध गदछौं ।

२०७५ असार २५ गते भित्र अद्यावधिक नगरेमा अद्यावधिक नभएको खाताहरूको कारोवार रोक्का राख्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउदछौं ।

ग्राहक महानुभावहरूको सुविधाका लागि ग्राहक पहिचान विवरण फारम (KYC FORM) यस बैंकको URL address www.machbank.com/downloads मा समेत राखिएको व्यहोरा जानकारी गराउदछौं ।

यसबाट ग्राहक महानुभावहरूमा पर्न जाने असुविधाप्रति बैंक क्षमाप्रार्थी छ ।

**Machhapuchchhre Bank Limited**

**माछापुच्छ्रे बैंक लिमिटेड**

सबल, उत्कृष्ट एवं विस्तारित

केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौ

फोन नं.: ०१-४४२८५५६